सम्पादकीय

'प्रदर्शनीले बढाउँदै औद्योगिक जागरण'

स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ बुटवलमा १६ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०८२ विहिवारदेखि सुरु भएको छ। रूपन्देही उद्योग संघको आयोजनामा 'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' भन्ने मूल नाराका सुरु भएको प्रदर्शनी तथा महोत्सवले नेपालको अर्थतन्त्रमा टेवा पुऱ्याउनुका साथै औद्योगिक जागरण बढाउने विश्वास गरिएको छ। प्रदर्शनीमा विभिन्न प्रकृतिका ५ सयवटा स्टलहरू रहेका छन्। त्यसैगरी स्टलहरूलाई विभिन्न विधाका १० वटा पेभिलियनहरू निर्माण गरिएको छ। प्रदर्शनीमा ३९ जिल्लाबाट सहभागिता रहेकोले यसको प्रचार प्रसारले यस क्षेत्रको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ। प्रदर्शनीले बुटवलको परिचय थपेको छ भने बुटवलको आर्थिक विकासमा यसको योगदान अत्यन्त सार्थक र महत्वपूर्ण हुने ठानिएको छ। प्रदर्शनीको आठ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोवार हुने लक्ष्य आफैमा महत्वपूर्ण हो। प्रदर्शनीमा औद्योगिक प्रविधि, उद्योग प्रविधि, रेष्टुरेन्ट, कृषि, हस्तकला, फलोरीकल्चर, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छालाजुत्ता, खाद्यान्न, आइटी लगायतका गरी ५ सय स्टलले प्रदर्शनीको महत्व बढाउन अझै भूमिका खेल्ने कुरामा विवाद छैन। बुटवलमा हरेक बर्ष पुस महिनामा हुँदै आएका प्रदर्शनी, मेला र महोत्सवले आफ्नै पहिचान बोकेका छन। खासगरि यो प्रदर्शनीले नेपालका राष्ट्रिय उद्योग र तिनको उत्पादन प्रवर्द्धनमा टेवा पुऱ्याउने निश्चित छ। प्रदर्शनीको अर्को मूल उद्देश्य भनेको नेपाली उद्योग र तिनको उत्पादनको प्रचार प्रसार पनि हो। तसर्थ यो प्रदर्शनी यस क्षेत्रमा औद्योगिक जागरण सिर्जना गर्न महत्वपूर्ण सहयोग पुग्ने ठानिएको छ। त्यसका साथै बुटवल लगायत समग्र रूपन्देहीको आर्थिक गतिविधि बढाउन प्रदर्शनी तथा महोत्सव सहयोगी हुने विश्वास गरिएको छ।

मेलाले स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्न समेत सहयोग पुग्ने अपेक्षा आयोजकले राखेका छन्। त्यसैगरी बुटवलमा आयोजना हुने यस प्रकारका प्रदर्शनी तथा महोत्सवको विशिष्ट पहिचानलाई व्यापकता दिन र यस क्षेत्रमा उद्यमशीलता विकासको माध्यमबाट नयाँ औद्योगिक लगानी र व्यवसायिक क्षेत्रहरूको खोजी गरी रोजगारीका अवसरहरू सिर्जना गर्न समेत यो प्रदर्शनीको भूमिका हुने कुरामा विवाद छैन्। औद्योगिक उत्पादनको प्रवर्द्धन, कृषि र पर्यटनको प्रवर्द्धन तथा व्यबसायिकरणका लागि बिशेष महत्वका साथ आयोजना गरिएको प्रदर्शनीले उत्पादन, सेवा र हस्तकलाको प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। प्रदर्शनी र महोत्सवले औद्योगिक जागरण सिर्जना गर्नेछ। प्रदर्शनीमा आठ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोवार हुने लक्ष्यले नै प्रदर्शनी तथा महोत्सवको सफलता झल्किएको छ। अर्कोतर्फ प्रदर्शनीमा औद्योगिक प्रविधि, नेपाली उद्योग र तिनको उत्पादन, अर्गानिक बस्तुको प्रदर्शनीले उद्योग, उत्पादन र उपभोक्तावीचको सम्वन्ध अझै नजिक ल्याउन सहयोग पुग्ने विश्वास छ। उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बीचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने, सूचना र प्रविधिको विकास, पर्यटन संभावनाको क्षेत्र पहिल्याउने, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको समेत आयोजना गरिएकोले प्रदर्शनी तथा महोत्सव सफल हुने कुरामा शंका गरिरहनुपर्दैन। यो प्रदर्शनी र महोत्सवको आयोजनाले औद्योगिक जागरण सिर्जना हुने कुरामा शंका गर्नुपर्दैन। पछिल्लोसमय रूपन्देही प्रदर्शनी, मेला र महोत्सवमय वनेका छन्। यस प्रकारका महोत्सवले यस क्षेत्रको उद्योग र व्यापार विस्तार र प्रवर्द्धनमा ठूलो टेवा पुगेको छ। भैरहवा र मणिग्राममा मेला सम्पन्न भैसकेको छ। बुटवलमा सुरु भएको छ। देवदहमा पनि केही दिनमै सुरु हुँदैछ। सैनामैनामा पनि महोत्सवको तयारी गरिएको छ। यसरी आयोजना भैरहेका प्रदर्शनी, मेला र महोत्सवले स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ। मेला र महोत्सवका गतिविधिले केही आशाातीत संभावनालाई उजागर गरिरहेका छन्। यो अत्यन्त खुसीको कुरा हो।

'जेन–जी आन्दोलन' को आडमा चोरी र तोडफोडको आरोपमा २३ जना पक्राउ

भैरहवा (बुटवल टुडे), ३ पुस - जिल्ला प्रहरी कार्यालय रूपन्देहीले २०८२ भदौ २३ र २४ गते देशव्यापी रूपमा भएको 'जेन-जी आन्दोलन' का क्रममा रूपन्देहीका विभिन्न स्थानमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड, आगजनी र चोरीमा संलग्न १८ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको जनाएको छ। आन्दोलनको मौका छोपी जिल्लाका ठूला व्यवसायिक प्रतिष्ठान, प्रहरी कार्यालय र नगर प्रमुखको निजी निवासमा समेत गम्भीर क्षति पुऱ्याइएको भन्दै प्रहरीले आरोपीहरूको नामावली सार्वजनिक गरेको हो

सिद्धार्थनगर नगरपालिका वडा नम्बर -७ स्थित भाटभटेनी सुपर मार्केट भैरहवा आन्दोलनकारीको समूहले व्यापक तोडफोड र चोरी गरेको थियो। प्रदर्शनकारीहरूले स्टोर बाहिरका सामानहरूमा आगो लगाएर आतंकित पारेका थिए। रड र घन प्रयोग गरी मुख्य ढोकाको सटर, सिसा र फलामको चेन गेट भत्काएर स्टोरभित्र प्रवेश गरी खाद्य तथा अखाद्य वस्तुका साथै मूल्यवान सामान र नगद समेत चोरी भएको प्रहरीको भनाई छ। सोही घटना संलग्न भएको आरोपमा रूपन्देही र नवलपरासी पश्चिमका गरी ६ जनालाई मंसिर १८ गते नियन्त्रणमा लिइएको छ।

पक्राउ पर्नेमा सिद्धार्थनगरनगर नगरपालिका वडा नम्बर ८, रूपन्देहीका सुरज रोक्का (२० वर्ष), सिद्धार्थनगरनगर नगरपालिका वडा नम्बर ९, रूपन्देहीका विवेक रोक्का (२७), सिद्धार्थनगरनगर नगरपालिका नम्बर १३, रूपन्देहीका सुमरिन श्रेष्ठ (२३), बर्दघाट नगरपालिका वडा नम्बर १३, नवलपरासी पश्चिमका आदर्श चौधरी (२३), बर्दघाट नगरपालिका वडा नम्बर २, नवलपरासी पश्चिमका रमेश भट्टराई (२२) र सिद्धार्थनगर नगर पालिका वडा नम्बर २ का अमजद कुरौसी रहेको रूपन्देही प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक सुरज कार्कीले जानकारी दिए। प्रहरी प्रतिवेदनमा सुरज रोक्का, विवेक रोक्का र सुमरिन श्रेष्ठको ठेगाना मर्चवारी गाउँपालिकाको वडा नम्बर ८, ९ र १३ उल्लेख रहेको छ।

यसै गरि आन्दोलनकारीको मुख्य निशानामा प्रहरी कार्यालय तथा बिटहरू परेका थिए। रूपन्देहीका तीन स्थानका प्रहरी संरचनामा तोडफोड र आगजनी भएको थियो। सिद्धार्थनगर नगरपालिका-०६ गल्लामण्डीमा रहेको अस्थायी प्रहरी विटमा तोडफोड र आगजनी गरी विटमा रहेका महत्त्वपूर्ण कागजात र प्रहरी पोशाक समेत जलाइएको थियो। सो घटनामा संलग्न रहेको आरोपमा २ जनालाई मंसिर १८ गते नै पक्राउ गरिएको छ। पक्राउ पर्नेमा सिद्धार्थनगर नगरपालिका ६, रूपन्देहीका सुनिल सिंह (२८), सम्मरीमाई गाउँपालिका वडा नम्बर ७, रूपन्देहीका रामु पाल (१९) रहेका छन्। यस्तै तिलोत्तमा नगरपालिका-७ स्थित इलाका प्रहरी कार्यालय मंगलापुर, प्रहरी बिट र अस्थायी पोष्टमा पनि ठूलो क्षति पुगेको छ। मोटरसाईकल, फर्निचर, ईलेक्ट्रिक सामान र भौतिक संरचनाहरूमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याएको आरोपमा रौतहट र रूपन्देहीका ५ जनालाई मंसिर ०३ गते नियन्त्रणमा लिइएको कार्कीले बताए। पक्राउ पर्नेमा चन्द्रनिगाहपुर गाउँपालिका वडा नम्बर ४, रौतहटका राम कुमार उप्रेती (२७), तिलोत्तमा नगरपालिका वडा नम्बर ९, रूपन्देहीका सुरज भण्डारी (३५), सोही ठाउका नूर आलम मुसलमान (२८), वडा नम्बर ७ का बिनोद सुनार (२०), सोही ठाउँ बस्ने गणेश ज्ञवाली (३९) रहेका छन्।

देवदह नगरपालिका-९ घोडाहामा नगर प्रमुख ध्रुव प्रसाद खरेलको निजी निवासमा समेत प्रवेश गरी नगद, सुन र धनमाल चोरी गर्नुका साथै घरमा आगजनी र तोडफोड गरी लुटपाट र क्षति पुऱ्याइएका आरोपमा मंसिर २३ गते ८ जनालाई नियन्त्रणमा लिईएको छ। पक्राउ पर्नेमा सबै देवदह नगरपालिकाकै रहेको प्रहरीको भनाई छ। प्रहरीले देवदह नगरपालिका वडा नम्बर ७, रूपन्देहीका दिपक खरेल (४०), वडा नम्बर ५ का दिपक सुनार (३२), वडा नम्बर ९ का धिरज थापा (२३), केशव सारु (३७), गौतम श्रेष्ठ (२२), वडा नम्बर ७ का गणेश सापकोटा (२६), विशाल सुवेदी (२५), विमल ढकाल (२४) लाई पक्राउ गरेको छ।

यस्तै सोही आन्दोलनमा तिलोत्तमा नगरपालिका-५ मणिग्राममा रहेको ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल मा पनि तोडफोड भएको थियो। हातमा रड र पेट्रोलको बोतल बोकेका व्यक्तिहरू होटेलभित्र प्रवेश गरी गार्डलाई कुटपिट गरेका थिए। होटेलका सामानहरू चोरी गर्नुका साथै अन्य सामान तोडफोड गरी आगजनीबाट क्षति पुऱ्याइएको प्रहरी प्रतिवेदनमा उल्लेख छ। सो आरोपमा रौतहट गुजरा नगरपालिका वडा नम्बर १ का ३१ वर्षिय जगदिश चौधरी (३१) र रूपन्देही तिलोत्तमा नगरपालिका वडा नम्बर ९ का गोपाल पुन (५०) लाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको कार्कीले जानकारी दिए। प्रहरीले पक्राउ परेका सबै व्यक्तिहरूमाथि अनुसन्धान जारी रहेको र घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी कार्य समेत तीव्र पारिएको जनाएको छ।

पत्रकार आचारसंहिताको पूर्ण पालना गर्न सुझाव

कपिलवस्तु (बुटवल टुडे) ३ पुस- सञ्चारकर्मी र सञ्चार माध्यमले पत्रकार आचारसंहिताको पुर्ण पालनालाई ध्यान पुर्याउन सके पत्रकारका धेरै समस्या स्वतहः समाधान हुने बताईएको छ। प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाको समन्वयमा पत्रकार महासंघको शाखा कार्यालय तौलिहवाको हलमा आयोजित पत्रकार आचारसंहिता जागरण कार्यक्रममा सो सुझाव दिईएको हो।

कर्यक्रममा बोल्दै प्रेस काउन्सिल नेपालका अध्यक्ष डाक्टर कुमार शर्मा आचार्यले पत्रकारले समाचारमा बिवेक प्रयोग गरे स्वतहः आचारसंहिता पालनको बातावरण तयार हुने बताए। पत्रकारितामा समानुभुतीको नीति कार्यान्वयन गरिए गलत सूचना र समाचार संप्रेषण नभई आचारसंहिता कायम रहने उनको भनाइ थियो। नागरिक सरकारले आफुलाई काउन्सिलमा नियुक्त गरेकाले आफू स्वतन्त्र र पक्षपातरहित तवरले काम गर्न आएको उनको स्पष्टोक्ति थियो।

पत्रकारले आचारसंहिताको पालना गरेमा काउन्सिलले पत्रकारको सुरक्षाको ग्यारेन्टी गराउन पूर्ण भूमिका खेल्न सक्ने उनले बताए। "काउन्सिलले नियामक निकायको हिसाबले डण्डा चलाउने मात्रै होईन, सञ्चार क्षेत्रमा सुधारात्मक अवस्था ल्याउन समेत भुमिका खेल्छ।" अध्यक्ष आचार्यले भने। सञ्चार माध्यम सञ्चालनका लागी श्रोतहरू खुम्चिदै मिडीया धरासायी हुन थालेकाले राज्यले मिडिया बचाउन ठोस नीति ल्याउनु पर्नेमा नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका अध्यक्ष डिलाराम भुसालले जोड दिए। महासंघले पत्रकार आचारसंहिताको पूर्णपालनाको बातावरण बनाउन प्रयास गर्दै आएको उनले स्पष्ट पारे।

नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८२/०९/०४

मिति: २०८२/०६/२४ को साधारण सभाको निर्णय र मिति २०८२/०७/०२ को कम्पनी रजिष्टारको कार्यालयको स्वीकृति बमोजिम ज्युरिच इन्भेष्टमेन्ट एण्ड सब रेमिट प्रा. लि. को नाम परिवर्तन भई हाल प्राण ग्लोबल इन्भेस्टमेन्ट प्रा. लि. भएको सूचित गरिन्छ ।

प्राण ग्लोबल इन्भेस्टमेन्ट प्रा. लि.
सिद्धार्थनगर नगरपालिका -६, रूपन्देही

एमाले...

पछिल्लो पटक २०८१ असार ३१ मा नेपाली कांग्रेससँगको सहकार्यमा चौथो पटकका लागि मुलुकको प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसकेका ओलीले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि प्रधानमन्त्रीबाट राजीनामा दिएका थिए।

गत मङ्सिर २७ गतेदेखि काठमाडौंमा सुरु भएको ११औं महाधिवेसनमा पार्टीभित्र पुस्तान्तरण र हस्तान्तरणको आवाज उठे पनि देश र प्रदेशबाट छानिएर आएका महाविशन प्रतिनिधिहरूले पुनः ओलीलाई नै नेतृत्वको जिम्मेवारी सुम्पेका छन्। विघटित प्रतिनिधिसभामा दोस्रो ठुलो दलका रूपमा रहेको एमालेलाई विशेष गरी जेन्जी आन्दोलनपछि मुलुकमा विकसित राजनीतिक घटना, परिघटनाबीच नेतृत्व गर्ने चुनौती ओलीसमक्ष रहेको छ।

अध्यक्ष ओली वि.सं २०७१ साउन १ गते काठमाडौंमा सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनमा पहिलो पटक अध्यक्षमा निर्वाचित भएका थिए। यसैगरी २०७८ मङ्सिर दोस्रो साता चितवनामा सम्पन्न दसौं राष्ट्रिय महाधिवेशनबाट उनी अध्यक्ष भएका थिए। समृद्धि, विकास र राष्ट्रियताका पक्षमा स्पष्ट अडान राख्ने नेताका रूपमा छवि कमाएका अध्यक्ष ओली आत्मविश्वाससहित हठी नेताका रूपमा चिनिन्छन्।

ईट्टा...

जिल्लामा समय अगावै ईट्टा उद्योगहरू सञ्चालन भईरहेको बारे आफुलाई जानकारी नभएको र यस विषयमा अनुगमन गर्ने खनालको भनाई छ। " पुस मसान्त यता ईट्टा उद्योगमा आगो बाल्न पाईदैन, कहि कतै समय अगावै आगो लगाईएको छ भने हामी अनुगमन गरेर कारवाही गर्छौं।" खनालले भने

ईट्टा उद्योगबाट हुने प्रदूषण न्यूनीकरण गर्दै दिगो औद्योगिक विकासलाई प्रोत्साहन गर्ने सरकारी नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय प्रशासन तथा उद्योग दर्ता निकायले तत्कालै हस्तक्षेप गर्नुपर्ने देखिन्छ। नियम उल्लंघन गर्ने उद्योगहरूलाई कारबाहीको दायरामा नल्याएसम्म यस प्रकारका मनलाग्दी क्रियाकलापहरू नरोकिने सरोकारवालाहरूको ठहर छ।

बुटवलमा प्रदेशस्तरीय फिडे चेस शुरु

बुटवल (बुटवल टुडे), ३ पुस- बुद्धिचाल खेल र खेलाडीको विकास गर्ने उद्देश्यका साथ बुटवलमा प्रदेशस्तरिय बुद्धिचाल प्रतियोगिता शुरु भएको छ। बुटवल उपमहानगरपालिका, नगर खेलकुद विकास समितिको सहयोगमा रूपन्देही बुद्धिचाल संघको आयोजनामा ३ दिने बुटवल मेयर कप प्रदेशस्तर ीय रेटिङ बुद्धिचाल प्रतियोगिता २०८२ शुरु भएको हो।

कार्यक्रमको एक समारोहका बिच रूपन्देही जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख चन्द्रकान्त आचार्यले उद्घाटन गर्दै खेल विकासमा स्थानीय सरकार र संघसंस्थाहरूको योगदान महत्त्वपूर्ण रहेको बताए। लुम्बिनी प्रदेशको समग्र खेलकुदको भन्दा बुटवल उपमहानगरपालिकाको बजेट दोब्बर रहेको उनको भनाइ छ।

नेपाल सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, कपिलवस्तु
हकवाला नाँउको ३५ दिने सूचना।

सूचना प्रकाशित मिति: २०८२/९/२

प्रस्तुत विषयमा जिल्ला कपिलवस्तु, साविक पतरिया गा.वि.स. वडा नं. १ हाल शुद्धोधन गाँउपालिका वडा नं. १ बस्ने वलहीको छोरा ज.ध. सोहबत जोलहाको मिति २०५८।८।१५ गते मृत्यु भएको र निजको एक मात्र पत्नी मरियम खातुनको २०३३ साल अगावै मृत्यु भएको। निज दम्पत्तीको तिन जना छोराहरू अब्दुल हई जोल्हा, मो. वसिर जोल्हा र मोहम्मद खलिल जोल्हा रहेको। अब्दुल हई जोल्हाको मिति २०३६।९।१ गते मृत्यु भएको। अब्दुल हई जोल्हाको एक मात्र पत्नी कुतबुन निसाको मिति २०६६।२।१० गते मृत्यु भएको। अब्दुल हई जोल्हा र कुतबुन निसाको तिन जना छोराहरू हजरत अलि जोल्हा, अब्दुल रहिम जोल्हा र बैदुल्लाह जोल्हा हुन। मो. वसिर जोल्हाको २०३३ साल अगावै मृत्यु भएको। मो. वसिर जोल्हाको एक मात्र पत्नी किताबुन निसा अर्को विवाह गरी गएको। मो. वसिर जोल्हा र किताबुन निसाको दुइ छोराहरू कयुम जोल्हा र हनिफ जोल्हा हुन्। मृतक ज.ध. सोहबत जोल्हाको नाममा श्रेस्ता कायम नरहेको तपसिल बमोजिमको जग्गा हाम्रो भोगचलनमा रहेको साथै उक्त जग्गामा कुनै सरकारी सार्वजनिक जग्गा नघुसेको, विक्रि वितरण वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण नभएको र हदबन्दीमा समेत नपरेको। ज.ध. सोहवत जोलहा सहित अरू सबै मृतक जिवित छदाँ पालनपोषण, रेखदेख, औषधी उपचार र मृत्यु पश्चात दाहसंस्कार र काजकिरिया हामीले नै संयुक्त रूपमा गरेको हुँदा मृतक ज.ध. सोहवत जोल्हाको नाँउमा रहेको तपसलिको जग्गाको श्रेस्ता कायम गरी हाम्रो नाँउमा संयुक्त नामसारी गरी पाँउ भनि मोहम्मद खलिल जोल्हा, हजरत अलि जोल्हा, अब्दुल रहिम जोल्हा, बैदुल्लाह जोल्हा, कयुम जोल्हा, हनिफ जोल्हाको मिति २०८२/८/२४ को निवेदन माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। छानिवदेकहरूको माग दावी अनुसार श्रेस्ता कायम हुन नपर्ने भए, अपुताली खाने निज निवेदकहरू बाहेक अन्य कोही नजिकका हकदार भए यो सूचना टाँस भएको मितिले पैतिस दिन भित्र अपुताली खान पाँउने भए प्रमाण समेत लिइ यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा तपसिल खण्डमा लेखिएको कित्ता जग्गा निवेदकहरूको माग अनुसार श्रेस्ता कायम गरी नामसारी भई जाने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

गा.वि.स.	वडा नं.	कि.नं.	ज.वि.	वडा नं.	कि.नं.	ज. वि	ज.ध.को विवरण
पतरिया	१क	१०	०-२-२	१ख	४३	०-५-७	ज.ध. सोहवत जोलहा
		३९	०-०-१४		५१	०-१-४	बाबु: वलही
		१७९	०-११-४		७६	०-१५-१४	ना.प्र. नं. कायम नरहेको
		२११	०-५-१२		१४७	०-०-१९	ठेगाना: जिल्ला कपिलवस्तु,
		२६७	०-०-१९		१५६	०-०-८	साविक पतरिया गा.वि.स. वडा नं. १
		५०२	०-४-१३		१६०	०-०-८	हाल शुद्धोधन गाँउपालिका वडा नं. १
		६३१	०-४-३		१७४	०-०-१८	
		६३९	०-०-१४		१७६	०-२-१२	
		६५८	०-७-३		३०९	०-४-१८	

मालपोत अधिकृत

Invitation for Bids
Dharan Sub Metropolitan City

Date of publication: 2082-9-04 ,19-12-2025

1. Dharan Sub Metropolitan City invites sealed bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.

S. N	CONTRACT ID	NAME OF WORK	LAST DATE OF SUBMISSION	PROCUREMENT TYPE
1	04/DHARAN/ GOODS/ SQ/082/83	Installation of CCTV cameras at various locations in Dharan Sub-Metropolitan City.	05-02-2026	SQ

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

Siddharthanagar Municipality
Office of the Municipal Executive
Siddharthanagar, Rupandehi

Invitation for Bids

First Date of Publication: 2082-09-03 (18th December, 2025)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following goods under NCB Bidding Procedure name and identification of contracts are mentioned below though the details are in the bidding document.

S. N.	Contract Identification No.	Description of work	Bid Document Fee Amount	Bid Security Amount	Pre Bid Meeting	Bid Submission Deadline	Bid Opening Date
1	SNP/JINSI/ NCB-02/082/083	Supply of stationary and other necessary goods at Siddharthanagar Municipality	NRs. 3000	NRs. 85,000.00 (Eighty-Five Thousand Only)	2082-09-22 (06th Janunary, 2026),	2082-10-04 (18th January, 2026)	2082-10-04 (18th January, 2026)
					11:00 AM	Before 12:00 NOON	13:00 PM

Bank Name	Revenue Account Name & No.	Deposit Account Name & No.
Agriculture Development Bank, Siddharthanagar, Rupandehi	Antarik Rajaswa (revenue) Khata	Dharauti Khata
	04-146-01145634-20-8 (ga-1-1)	04-146-01145634-03-8 (ga-3)

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp.

Chief Administrative Officer

fhi360
FHI 360 Nepal Office

REQUEST FOR APPLICATION (RFA)

from non-government organizations (NGOs) for maternal, newborn, and child health (MNCH) and nutrition program for pregnant and lactating women, newborns, and children under five in 19 districts of Karnali, Lumbini and Sudurpaschim provinces of Nepal

(Date of Advertisement: December 19, 2025)

FHI 360 is a global organization that mobilizes research, resources and relationships so that people everywhere can access the opportunities they need to lead full, healthy lives. We listen to, learn from and work with communities to expand social and economic equity, improve health and well-being, respond to crises, and strengthen resilience. Since 1977, FHI 360 Nepal has worked in close collaboration with the Government of Nepal, civil society, academia, and the private sector to deliver integrated programs in essential health services—including HIV, MNCH and nutrition—, procurement and supply chain management for life-saving drugs, global health security—including laboratory strengthening, antimicrobial resistance, disease surveillance, evidence-based public health messaging and community engagement, and health emergency management— and air quality management.

FHI 360 is currently seeking an application from NGOs or community-based organizations that are registered and/or currently operational in the respective project district(s) to work as an implementing partner (IP) agency for the prevention, screening, and treatment of malnutrition in pregnant and lactating women as well as infants and young children, and support for MNCH services under funding from the United States Department of State through the Meeting Targets and Maintaining Epidemic Control (EpiC) project. Activities will be implemented from April 2026 (or sooner) to September 2026, with the possibility of extension ***subject to funding availability and approval from the donor***.

The IP is required to closely coordinate and collaborate with the local governments, I/NGOs and other partners working in the field of MNCH and nutrition in the district and at the local level. Interested NGOs that are registered and/or currently operational in the respective project district(s) are requested to submit an application based on the guidelines for preparation of the application. The selection process involves review of applications, virtual presentations from the shortlisted applicants and an onsite organizational pre-appraisal of the shortlisted organizations. Request for guidelines for preparation of application and questions or requests for clarification can be sent to nepal.eoi@fhi360.org by **December 29, 2025, 5:00 p.m. Nepal time.** ***Request for guidelines and questions or requests for clarification submitted after the deadline will not be responded***.

Completed application should be submitted through **email** at nepal.eoi@fhi360.org by **January 16, 2026, 5:00 p.m. Nepal time.** ***Applications received after the deadline will not be considered for evaluation***.